व्यास नगरकार्यपालिकाको १८६ औं बैठक आज मिति २०८१/१/१० गते नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बसी तपसिलको उपस्थितिमा निम्नानुसारको निर्णयहरु गरियो ।

उपस्थिति

| | | |
|---|---|---|
| नगर प्रमुख | - श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | - श्री इन्दिरा दरै | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १ | - श्री रमेशचन्द्र हड्खले | उपस्थित |
| वडा अध्यक्ष वडा नं. २ | - श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ३ | - श्री अनुप राना | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ४ | - श्री मनबहादुर गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ५ | - श्री विष्णुकुमार श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ६ | - श्री जीवन गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ७ | - श्री कृष्णप्रसाद न्यौपाने | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ८ | - श्री युवराज गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ९ | - श्री सुरेश थापा | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १० | - श्री खेमराज पोखेल | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ११ | - श्री दलबहादुर दुरा | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १२ | - श्री बमबहादुर आले | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १३ | - श्री बसन्त आले | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १४ | - श्री काजीमान श्रेष्ठ | अनुपस्थित |
| कार्यपालिका सदस्य | - श्री चन्द्रमाया परियार | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री नरीमाया राना | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री ज्ञानुमाया सुनार | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री कमला घर्ती | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री किस्ना दुरा गुरुङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री चेतबहादुर दरै | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री निला घिमिरे | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री रनसिं नेपाली | उपस्थित |
| सदस्य-सचिव | - श्री गंगालाल सुवेदी | उपस्थित |
| का.वा. अध्यक्ष वडा नं. १४ | - श्री दुर्गाबहादुर आले | उपस्थित |
| प्रशासकीय अधिकृत | - श्री रामचन्द्र हड्खले | उपस्थित |

**प्रस्तावहरु**

प्रस्ताव नं.१: मिति २०८०/१२/२२ गते बसेको बैठकको समीक्षा सम्बन्धमा ।

प्रस्ताव नं.२: विद्यालय समायोजन सम्बन्धमा ।

प्रस्ताव नं.३: पराशर मार्ग कालोपत्रे गर्ने विश्व बैंङ्क लगानीको परियोजना सम्बन्धमा ।

प्रस्ताव नं.४: फोहोर मैला व्यवस्थापन सम्बन्धमा ।

प्रस्ताव नं.५: हालसम्मको व्यास नगरपालिकाको आय-व्यय प्रतिवेदन सम्बन्धमा ।

प्रस्ताव नं.६: सामुदायिक विद्यालयमा जनप्रतिनिधि र शिक्षक कर्मचारीका छोरा-छोरी पठन-पाठन गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.७: नगर शिक्षा ऐन नियम अनुसार व्यवस्थापन समिति गठन गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.८: योजना संशोधन सम्बन्धमा ।

प्रस्ताव नं.९: पराशर पार्क व्यवस्थापन सम्बन्धमा ।

प्रस्ताव नं.१०: नवप्रवर्तनीय कार्यक्रममा विनियोजित रकम खण्डित गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.११: दरभाउपत्र स्वीकृत गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.१२: बहुउद्देश्यीय भवनको लिफ्ट सर्भिसिङ्ग तथा मर्मत सम्बन्धमा ।

प्रस्ताव नं.१३: जि.स.स.को सटर भाडा लिनका लागि सम्झौता प्रकृया अघि बढाउने सम्बन्धमा ।

प्रस्ताव नं.१४: सडक बत्ती बक्यौता रकम भुक्तान गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.१५: जग्गा वर्गीकरण सम्बन्धमा ।

प्रस्ताव नं.१६: भाडा बृद्धि सम्बन्धमा ।

प्रस्ताव नं.१७: स्थानीय पाठ्यक्रम सम्बन्धमा ।

प्रस्ताव नं.१८: शिक्षक दरबन्दी मिलान एवं व्यवस्थापन सम्बन्धमा ।

प्रस्ताव नं.१९: स्वयंसेवक शिक्षक सम्बन्धमा ।

प्रस्ताव नं.२०: लिड विद्यालय सिफारिस सम्बन्धमा ।

प्रस्ताव नं.२१: व्यास नगर समता विद्यालय सिफारिस सम्बन्धमा ।

प्रस्ताव नं.२२: तरकारी बाली प्रवर्द्धन क्षेत्रफलको आधारमा प्रोत्साहन कार्यक्रम छनौट सम्बन्धमा ।

प्रस्ताव नं.२३: तरकारी बाली प्रवर्द्धन कार्यक्रम अन्तर्गत साना सिंचाई छनौट सम्बन्धमा ।

प्रस्ताव नं.२४: मौरी लगायत उद्यमशीलता कार्यक्रम सञ्चालन सम्बन्धमा ।

प्रस्ताव नं.२५: बुल्दीखोला सिमलटारमा रहेको कल्भर्ट हटाउने सम्बन्धमा ।

प्रस्ताव नं.२६: व्यास १ मुसेखोला क्षेत्रमा पैह्रो नियन्त्रण एवं क्षतिपूर्ति सम्बन्धमा ।

प्रस्ताव नं.२७: व्यास १३ मा खरिद गरिने सरसफाई केन्द्रमा नकुहिने फोहोर मात्र लगिने प्रतिवद्धता सम्बन्धमा ।

प्रस्ताव नं.२८: आदिकवि भानुभक्त क्याम्पसको भूमिकर, सम्पत्ति कर छुट सम्बन्धमा ।

प्रस्ताव नं.२९: लागत सहभागीका योजनाहरु सम्बन्धमा ।

प्रस्ताव नं.३०: संयुक्त राष्ट्रसंघ प्रस्ताव नं. १३२५, १८२० को व्यवसायी नगरपालिका कार्य योजना कार्यान्वयन स्थानीय समिति गठन सम्बन्धमा ।

प्रस्ताव नं.३१: प्रतिनिधि तोक्ने सम्बन्धमा ।

प्रस्ताव नं.३२: विपदजन्य तथा अत्यावश्यक काममा रकम विनियोजन सम्बन्धमा ।

**निर्णयहरुः**

**निर्णय नं.१:** प्रस्ताव नं. १ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको मिति २०८०/१२/२२ गते भएको कार्यपालिका बैठकका ३७ निर्णयहरुको बुँदागत समीक्षा गरियो ।

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अन्तर्गत रहेका सामुदायिक विद्यालय तथा बालविकास केन्द्रमा ज्यादै न्यून विद्यार्थी संख्या भएका तपसिलका विद्यालयहरुलाई नगर शिक्षा समिति सहितको सिफारिसमा देहाय बमोजिम विद्यालय समायोजन गर्ने निर्णय गरियो ।

| क्र.सं. | विद्यालयको नाम | वडा | हाल सञ्चालित कक्षा | समायोजन गरी सञ्चालन गर्न प्रस्तावित सञ्चालित कक्षा |
|---|---|---|---|---|
| १. | जनसेविका प्रा.वि. | १ | बाल विकासदेखि कक्षा ५ सम्म | बाल विकासदेखि कक्षा ३ सम्म |
| २. | जनज्योति प्रा.वि. | ६ | बाल विकासदेखि कक्षा ३ सम्म | बाल विकास मात्र |
| ३. | अमृत आ.वि. | ६ | बाल विकासदेखि कक्षा ८ सम्म | बाल विकासदेखि कक्षा ६ सम्म |
| ४. | क्यामिनकोट मा.वि. | ७ | बाल विकासदेखि कक्षा १० सम्म | दरबन्दी आवश्यकता अनुसार स्थानान्तरण गर्ने |
| ५. | बसाहस्थान मा.वि. | ९ | बाल विकासदेखि कक्षा १० सम्म | बाल विकासदेखि कक्षा ८ सम्म |
| ६. | अमरसिंह मा.वि. | ११ | बाल विकासदेखि कक्षा १० सम्म | कक्षा १ देखि कक्षा ८ सम्म |
| ७. | मनकामना प्रा.वि. | १२ | बाल विकासदेखि कक्षा ३ सम्म | बाल विकास मात्र |
| ८. | जनमिलन प्रा.वि. | १२ | बाल विकासदेखि कक्षा ३ सम्म | बाल विकास मात्र |
| ९. | भद्र बालविकास केन्द्र | १४ | बाल विकास | स्थानान्तरण गर्ने |

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अन्तर्गत वडा नं. ११, १०, ९, ७ मा रहेको पराशर मार्ग (घाँसीकुवा-फराकचौर-अँधेरीभञ्ज्याङ्ग-माझफाँट-नरङ्गा-कलेस्ती) को १०.५ किलोमिटर सडक विश्वबैङ्कको सहयोगमा निर्माण हुने मार्गको टेण्डर प्रकृया पुरा भई निर्माण अघि बढाउने सम्बन्धमा सम्बन्धित आयोजनाका परामर्शदाताबाट प्रस्तुतीकरण भई उक्त योजनाबाट बाँकी रहेको करिब २२ करोड रकमलाई अर्को प्राथमिकताको योजनामा लगानी गर्न शहरी विकास मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको फोहोर व्यवस्थापन गर्न वर्गीकरण गर्ने काममा जनस्तरमा परामर्श दिन नियुक्त विज्ञ श्री कृष्णप्रसाद भण्डारीबाट हाल सम्पन्न प्रगती विवरण, सुझावहरु बैठकमा पेश भयो र १५ गतेदेखि वडाहरुमा फोहोर वर्गीकरण अभियान प्रारम्भ गर्ने निर्णय गरियो ।

**निर्णय नं.५:** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको हालसम्म कुल बजेटको ६६% प्राप्त भएको (आन्तरिक आय तर्फ ५९%), चालु तर्फ ५६% पूँजिगत तर्फ २५%, वित्तीय प्रगती भएको र कुल खर्च ४३% रहेको बैठकमा जानकारी प्राप्त गरी वित्तीय प्रगती बढाउन थप पहल गर्ने निर्णय गरियो ।

**निर्णय नं.६:** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाका जनप्रतिनिधिका आफ्ना छोरा-छोरीलाई सामुदायिक विद्यालयमा पढाउन संकल्प गर्दै शिक्षक, कर्मचारीलाई समेत आफ्ना छोरा-छोरी सामुदायिक विद्यालयमा पढाउन निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.७:** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा सबै सामुदायिक तथा संस्थागत विद्यालयहरुलाई २०८१ जेष्ठ मसान्तभित्र नगर शिक्षा ऐन नियम अनुसार अनिवार्य रुपमा विद्यालयलाई व्यवस्थापन समिति गठन गर्ने निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.८:** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा व्यास न.पा. वडा नं. ५ अन्तर्गत बजेट शिर्षक नं.४९८ को ट्याक्टर खरिदका लागि विनियोजन गरिएको रकम रू.१० लाख रकम आउँदो नगरसभाबाट अनुमोदन गर्ने गरी तपसिल बमोजिम योजना संशोधन गर्ने निर्णय गरियो ।

| सि.नं. | योजनाको नाम | संशोधन गर्नुपर्ने योजनाको नाम | बजेट रकम | कैफियत |
|---|---|---|---|---|
| १. | लागत सहभागितामा चिन्तुटार दुग्ध उत्पादन सहकारी संस्थालाई कृषि ट्याक्टर रू.१०,००,०००। | चिन्तुटार दुग्ध उत्पादन सहकारी संस्थाको भवनमा ट्रस निर्माण | ५,००,०००। | |
| | | बेनीपाटन पराशर पार्कमा कम्पाउण्ड र स्तरोन्नती | ५,००,०००। | |
| | | जम्मा | १०,००,०००। | |

**निर्णय नं.९:** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.५ मा रहेको पराशर पार्कको उचित संरक्षण एवं व्यवस्थापन गर्न व्यास नगरपालिका वडा नं.५ को कार्यालयलाई जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय नं.१०:** प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम कार्यान्वयनको सम्बन्धमा स्वीकृत कार्यक्रमको केही शिर्षकहरुमा रकम मिलान गर्नुपर्ने भनी मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम कार्यान्वयन समितिको बैठकको निर्णय अनुसार रकम मिलानका लागि सिफारिस गरिएको हुँदा स्वीकृत कार्यक्रमको शीर्षक नं.१४ नमुना गाउँको प्रचार-प्रसार सामाग्री निर्माण (होर्डिङ्गबोर्ड, प्यामप्लेट, ब्रोसर, बुकलेट, रेडियो जिङ्गल, प्याकेजिङ्ग, ब्राण्डिङ्ग, डकुमेन्ट्री निर्माण) मा विनियोजित बजेट रू.१०,००,०००। (दश लाख) मध्ये उक्त रकमलाई देहाय बमोजिम खण्डित गर्ने निर्णय गरियो ।

(क) होर्डिङ्गबोर्डहरु निर्माण, प्यामप्लेट, ब्रोसर, बुकलेट र प्याकेजिङ्गका लागि रू.५,००,०००।
(ख) रेडियो जिङ्गल, ब्राण्डिङ्ग र डकुमेन्ट्री निर्माणका लागि रू.५,००,०००।

**निर्णय नं.११:** प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा ११ का सम्बन्धमा छलफल गर्दा निम्नानुसारका बोलपत्र/दरभाउपत्र/आर्थिक प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो ।

(क) शहरी शासकीय तथा पूर्वाधार विकास आयोजना अर्न्तगत पराशर मार्ग स्तरोन्नति ( कालोपत्रे, नाला तथा अन्य स्ट्रक्चर निर्माण) योजना व्यास ७, ९, १० र ११ (Contract ID: NP-DUDBC-400273-CW-RFB) को लागि स्वीकृत विभागीय लागत अनुमान (मु. अ.कर बाहेक) रु.४५,१७,९६,८३८।४७ मा सबैभन्दा बढी २३.४१ प्रतिशत रकम घटी बोलपत्र दर्ता गराउने श्री BKHTDCL-ACPL JV kkalimati 13 KTHMANDU ले कबोल गरेको (मु.अ.कर बाहेक) रु.३४,६०,४९,४८७।९० अंकको न्यूनतम मूल्यांकित बोलपत्र सारभुत रुपमा प्रभावग्राही देखिएको भनी मूल्यांकन समितिबाट सिफारिस भै आएकोले उक्त बोलपत्र स्वीकृत गरी सम्झौता प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

(ख) व्यास नगरपालिका क्षेत्रभित्रको नगर यातायात गुरुयोजना निर्माणको लागि सम्बन्धमा मौजुदा सूचीमा सूचीकृत भएका फर्महरु मध्येबाट सार्वजनिक खरिद नियमावलीको नियम ७२ को व्यवस्था प्राविधिक तथा आर्थिक प्रस्ताव माग गरिएकोमा परामर्शदाता फर्महरुको प्राविधिक प्रस्तावमा प्राप्त गरेको अंकको अंकभार ८० प्रतिशत र आर्थिक प्रस्तावमा कबोल गरेको रकमको अंकभार २० प्रतिशत कायम गरी सार्वजनिक खरिद नियमावली को नियम ८१ को व्यवस्था अनुसार मूल्यांकन गर्दा सबैभन्दा बढी अंक ९० अंक प्राप्त गर्ने श्री Habile Engineering Consultancy Pvt.Ltd Lalitpur ले कबोल गरेको (मु.अ.कर बाहेक) रु.१३,२२,६४२।०० अंकको प्रस्ताव सारभुत रुपमा प्रभावग्राही देखिएको भनी मूल्यांकन

समितिबाट सिफारिस भै आएकोले उक्त प्रस्ताव स्वीकृत गरी सम्झौता प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

(ग) वडा नं.१ को नरसिंह मार्ग कालोपत्रे तथा पक्की नाला निर्माण (ठेक्का नं.१२/Works/vyasmun/२०८०।०८१) योजनाको लागि स्वीकृत विभागिय लागत अनुमान (मु.अ.कर र कन्टिजेन्सी बाहेक) रु.१०,३०,३९९।९२ मा सबैभन्दा बढी ३.२० प्रतिशत रकम घटी बोलपत्र दर्ता गराउने श्री बुलेट कन्स्ट्रक्सन प्रा.लि. भानु ८ तनहुंले कबोल गरेको (मु.अ.कर र कन्टिजेन्सी बाहेक) रु.९,९७,४६०।८० अंकको न्यूनतम मूल्यांकित दरभाउपत्र सारभुत रुपमा प्रभावग्राही देखिएको भनी मूल्यांकन समितिबाट सिफारिस भै आएकोले उक्त दरभाउपत्र स्वीकृत गरी सम्झौता प्रकृयालाई अनुमोदन गर्ने निर्णय गरियो ।

(घ) वडा नं.१,२,३,४,७,१० र १३ का शहरी कालोपत्रे सडकको आवधिक मर्मत **(ठेक्का नं.१०/ Works/vyasmun/२०८०।०८१**) योजनाको लागि मिति राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित विद्युतीय बोलपत्र आब्हान सम्बन्धी सूचना अनुसार Online मार्फत दर्ता हुन आएका विभिन्न २ फर्मका विद्युतीय बोलपत्रहरु मध्ये न.पा कार्यालयको स्वीकृत विभागीय लागत अनुमान (मु.अ.कर र कन्टिजेन्सी बाहेक) **रु.१,१५,२२,७५०।६६** मा सबैभन्दा बढी <u>४।०८</u> प्रतिशत रकम घटी बोलपत्र दर्ता गराउने **श्री डि.सि. कन्स्ट्रक्सन बेलकोटगडी ८ नुवाकोटले** कबोल गरेको (मु.अ.कर र कन्टिजेन्सी बाहेक) **रु.१,१०,५३,०८२।७९** अंकको न्यूनतम मूल्यांकित बोलपत्र सारभुत रुपमा प्रभावग्राही देखिएको भनी बोलपत्र मूल्यांकन समितिबाट स्वीकृतिको लागि पेश भएको हुंदा उक्त बोलपत्र स्वीकृत गरी ठेक्का सम्झौता प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**<u>निर्णय नं.१२:</u>** प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा कार्यालयको मुख्य भवनमा जडान भएको लिफटको नियमित सर्भिसिङ र मर्मतको लागि कार्यालयमा दक्ष जनशक्ति नभएको हुँदा लिफ्ट सप्लायर्स कम्पनी श्री आर.एम.एस इन्टरनेशनल प्रा.लि. काठमाण्डौसँग वार्षिक (मू.अ.कर समेत) ९५,०००। को सम्झौता (AMC, Agreement For Elevator) गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं.१३:</u>** प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा जिल्ला समन्वय समिति, तनहुँको स्वामित्वमा रहेको अनसन चौतारी नजिकका सटर कवलहरु मध्ये जिल्लासभाको निर्णयानुसार व्यास नगरपालिकाले नगर क्षेत्रको कृषकहरुबाट कृषि उपज संकलन एवं बिकी वितरण गरी कृषक र उपभोक्ताहरुको प्रत्यक्ष सम्बन्ध स्थापित गरी आर्थिक आय-आर्जन बृद्धि गर्ने उद्देश्यले सटर नं. A१६ न्यूनतम भाडामा व्यास नगरपालिकालाई उपलब्ध गराइएको छ । नगरपालिकामा दर्ता भई क्रियाशील भएका कृषि सहकारी संस्थाहरु मध्ये ७ दिने सार्वजनिक सूचना आब्हान गरी निवेदन पेश भई छनौट भएको कृषि सहकारीलाई जि.स.स.ले तोकेको भाडादर नघटाउने गरी बुझाउने एवं नगरका कृषकहरुले ल्याएका सामग्रीहरु खरिद गरी बिक्री वितरण गर्ने गरी सम्झौता गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं.१४:</u>** प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुँदा नेपाल विद्युत प्राधिकरण तनहुँ शाखाको पत्रानुसार नगर क्षेत्रमा बालिएका सडक बत्तीहरुको बक्यौता रहेको महशुल वापतको रकम रू.१,२०,८२,२०१। भुक्तान गर्ने सम्बन्धमा यस आ.व. मा श्रोत विनियोजन नभएको कारणले आगामी आ.व. देखि क्रमशः भुक्तान गर्ने प्रतिवद्धता व्यक्त गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं.१५:</u>** प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुँदा वडा कार्यालयहरुबाट कृषि तथा गैह्र कृषि क्षेत्रमा परिवर्तन गर्ने सिफारिसका आधारमा तपसिल बमोजिम निर्णय गरियो ।

१. वडा नं.९ बस्ने जुना सर्किनीको नाउमा रहेको साविक फराकचौर २/क कि.नं.२८३, २९७, १६६, २८५, ३०५, ३८१ मा भएको जग्गा गैह्र कृषि अन्तर्गत विभाजन गरिएकोले हाल उक्त जग्गालाई कृषिमा वर्गीकरण गरी अभिलेख राख्ने ।
२. वडा नं.७ बस्ने धनमाया भुजेलको नाउमा रहेको साविक क्यामिन छापथोक ७/ख कि.नं. १८३, १८५ मा भएको जग्गा कृषि अन्तर्गत विभाजन गरिएकोले हाल उक्त जग्गालाई गैह्र कृषिमा वर्गीकरण गरी अभिलेख राख्ने ।
३. वडा नं.१२ बस्ने दुर्गादेवी क्षेत्रीको नाउमा रहेको साविक कर्लुङ ८/ख कि.नं.२६१ मा भएको जग्गा कृषि अन्तर्गत विभाजन गरिएकोले हाल उक्त जग्गालाई गैह्र कृषिमा वर्गीकरण गरी अभिलेख राख्ने ।
४. वडा नं.१२ शोभा कुमारी श्रे ष्ठको नाउमा रहेको साविक कर्लुङ ५/ज कि.नं.९१ मा भएको जग्गा कृषि अन्तर्गत विभाजन गरिएकोले हाल उक्त जग्गालाई गैह्र कृषिमा वर्गीकरण गरी अभिलेख राख्ने ।
५. वडा नं.५ बस्ने डिलमाया कुमालको नाउमा रहेको साविक जामुने ९/ण कि.नं.१७३, १७५ मा भएको जग्गा कृषि अन्तर्गत विभाजन गरिएकोले हाल उक्त जग्गालाई गैह्र कृषिमा वर्गीकरण गरी अभिलेख राख्ने ।
६. वडा नं.७ बस्ने गोपाल बहादुर भुजेलको नाउमा रहेको साविक क्यामिन छापथोक ७/ख कि.नं.१८४, १८६ मा भएको जग्गा कृषि अन्तर्गत विभाजन गरिएकोले हाल उक्त जग्गालाई गैह्र कृषिमा वर्गीकरण गरी अभिलेख राख्ने ।
७. वडा नं.१४ बस्ने तिलमाया थापा र बुद्धिमान थापाको संयुक्त नाउमा रहेको साविक केशवटार ४/ग कि.नं.६६ क्षे. ०-१०-०-१ मा भएको जग्गा कृषि अन्तर्गत विभाजन गरिएकोले हाल उक्त जग्गालाई गैह्र कृषिमा वर्गीकरण गरी अभिलेख राख्ने ।
८. वडा नं.१४ बस्ने निल बहादुर थापा र टोक बहादुर थापाको संयुक्त नाउमा रहेको साविक केशवटार ४/ग कि.नं.४१० क्षेत्रफल १-१-२-० मा भएको जग्गा कृषि अन्तर्गत विभाजन गरिएकोले हाल उक्त जग्गालाई गैह्र कृषिमा वर्गीकरण गरी अभिलेख राख्ने ।
९. वडा नं.१४ बस्ने चित्र बहादुर थापाको नाउमा रहेको साविक केशवटार २/घ कि.नं.३८८ मा भएको जग्गा कृषि अन्तर्गत विभाजन गरिएकोले हाल उक्त जग्गालाई गैह्र कृषि वर्गीकरण गरी अभिलेख राख्ने ।
१०. वडा नं.९ बस्ने श्यामलाल प्रधान र बाबुलाल प्रधानको नाउमा रहेको साविक क्यामिन २/ख कि.नं.२१ मा भएको जग्गा गैह्र कृषि अन्तर्गत विभाजन गरिएकोले हाल उक्त जग्गालाई कृषिमा वर्गीकरण गरी अभिलेख राख्ने ।
११. वडा नं.१४ बस्ने भद्रमाया सुनारको नाउमा रहेको साविक केशवटार ३/ग कि.नं.८२ क्षेत्रफल ४०-१५-२-० मा भएको जग्गा कृषि अन्तर्गत विभाजन गरिएकोले हाल उक्त जग्गालाई गैह्र कृषिमा वर्गीकरण गरी अभिलेख राख्ने ।
१२. वडा नं.१४ बस्ने गोविन्द सुनारको नाउमा रहेको साविक केशवटार ३/ग कि.नं.८३ क्षेत्रफल ४०-१५-२-१ मा भएको जग्गा कृषि अन्तर्गत विभाजन गरिएकोले हाल उक्त जग्गालाई गैह्र कृषिमा वर्गीकरण गरी अभिलेख राख्ने ।

**निर्णय नं.१६:** प्रस्ताव नं.१६ का सम्बन्धमा छलफल हुँदा नगरपालिकाको भवनमा भाडामा बसेको NMB बैंकको पत्रानुसार आर्थिक मन्दीका कारण भाडा रकम घटाउन माग भएको सम्बन्धमा आगामी आ.व. २०८१/०८२ का लागि हाल कायम भएको भाडा रकम नै कायम गर्ने र सो पश्चात् नियमानुसार भाडा बृद्धि हुने गरी आगामी नगर सभाबाट अनुमोदन हुने गरी निर्णय गरियो ।

**निर्णय नं.१७:** प्रस्ताव नं.१७ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अन्तर्गतका विद्यालयहरुमा कक्षा १ देखि ८ सम्म एक विषय स्थानीयस्तरका विषयवस्तुहरु समावेश गरी स्थानीय पाठ्यक्रम लागू गर्नुपर्ने प्रावधान अनुसार व्यास नगरपालिका अन्तर्गत गठन भएको स्थानीय पाठ्यक्रम निर्माण समितिबाट

निर्माण भएको **"हाम्रो व्यास नगर"** नामक स्थानीय पाठ्यक्रम सबै सामुदायिक विद्यालयहरुलाई यस शैक्षिक सत्रमा परीक्षणको रुपमा लागू गर्ने निर्णय गरियो ।

**निर्णय नं.१८:** प्रस्ताव नं.१८ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अन्तर्गतका विद्यालयहरुमा कार्यरत प्रधानाध्यापकहरुलाई निजको कार्यसम्पादन, आवश्यकता, औचित्य, योग्यता, क्षमता र विषयको आधारमा दरबन्दी मिलान र व्यास नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षकहरुलाई कार्यसम्पादन, आवश्यकता, योग्यता, क्षमता, तह र विषय समेतलाई मध्यनजर गरी दरबन्दी मिलान सहितको विवरण तयार गरी नगर शिक्षा समितिबाट सिफारिस भई आएका दरबन्दी मिलान तथा शिक्षक व्यवस्थापन प्रतिवेदन अनुमोदन गरी शिक्षक व्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१९:** प्रस्ताव नं.१९ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अन्तर्गतका विद्यालयहरुमा ३९ औं नगर सभाबाट पारित आ.व.२०८०/०८१ को बजेट कार्यक्रम अनुसार २०८० चैत्र मसान्तसम्मका लागि स्वयंसेवक शिक्षक खटाइएकोमा निजहरुको करार म्याद सकिएकोले सम्बन्धित विद्यालयको सिफारिस एवं स्वयंसेवक शिक्षकहरुको कार्यसम्पादनको आधारमा आषाढ मसान्तसम्म करार म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं.२०:** प्रस्ताव नं.२० का सम्बन्धमा छलफल हुँदा गण्डकी प्रदेश सरकार शिक्षा तथा सामाजिक विकास मन्त्रालयबाट माग भई आएको अगुवा लिड विद्यालय छनौट सम्बन्धमा निम्नानुसार विद्यालयहरु छनौट गरी पठाउने र अगुवा विद्यालय छनौट भएमा लिड विद्यालय व्यवस्थापन नियमावली, २०८० बमोजिम कम्तीमा ३०% रकम आवश्यक पर्ने प्राविधिक लगायत समन्वय सहकार्य गरी सिफारिस गर्ने निर्णय गरियो ।

(१) श्री निर्मल माध्यमिक विद्यालय, व्यास १
(२) श्री सत्यवती माध्यमिक विद्यालय, व्यास २ दमौली
(३) श्री जनजुक्त शाही माध्यमिक विद्यालय, व्यास ५ नेपालटार

**निर्णय नं.२१:** प्रस्ताव नं.२१ का सम्बन्धमा छलफल हुँदा असहाय अभिभावक बिहिन छात्र-छात्राहरुलाई आवासीय सुविधा दिने गरी व्यास ७ शेषमटारमा सञ्चालित व्यासनगर समता विद्यालय नगरसभाबाट समेत स्वीकृत भई सञ्चालन भइरहेकोले शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी भक्तपुरलाई सिफारिस गर्न आवश्यक व्यवस्थापन गर्ने र अन्य सम्बन्धित निकायहरुमा आवश्यक व्यवस्थापनका लागि सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं.२२:** प्रस्ताव नं.२२ का सम्बन्धमा छलफल हुँदा मिति २०८१/१/७ गतेको कार्यक्रम कार्यान्वयन समितिको निर्णय बमोजिम तरकारी बाली प्रवर्द्धन कार्यक्रम सञ्चालनको लागि प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरित कृषि विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८० को अधिनमा रही प्राप्त आवेदनहरु माथि एवं कृषि विकास उपशाखा कर्मचारी मार्फत स्थलगत अनुगमनको आधारमा मापदण्ड पुगेका तपसिल बमोजिम कृषक/फर्म/सहकारी/समूह छनौट गरी प्रति रोपनी रू.३,०००। का दरले प्रोत्साहन अनुदान दिने गरी अनुमोदन गर्ने निर्णय गरियो ।

**तरकारी बाली प्रवर्द्धन कार्यक्रम : छनौटभएका कृषक/फर्म/कृषक समूहहरुको विवरण :-**

| क्र.स. | कृषक फर्म सहकारी समूह | ठेगाना व्यास, वडा नं | सम्पर्क व्यक्ति सम्पर्क नं | प्रस्ताव क्षेत्रफल (रोपनी) | अन्यथप कार्यक्रम | अनुगमनमा पाइएको क्षेत्रफल (रोपनी) | खर्च शिर्षक |
|---|---|---|---|---|---|---|---|
| १. | कृष कृषि तथा पशु फर्म | १० | ९८०६६८९२३० तारादेवी श्रेष्ट | ७ | पाइप, ड्रम | ७ | २४४ |
| २. | मल्ल कृषि तथा | १३, छाब्दी | ९८४६०६२४२७ | ५ | | ४ | २४४ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | पशु फर्म | दोभान जवदारी | ९८२७११६४५३<br>मिरा मल्ल | | | | |
| ३. | व्यास एग्रो फर्म | ४, बिरालीटार<br>व्यास-६,<br>गलेखाम | ९८४६३०२४६३<br>राजकुमार श्रेष्ठ | ३ | पाइप,<br>ड्रम | ३ | २४४ |
| ४. | बेम बहादुर थापा | १२, टार बगाले | ९८२६६०१९८२ | ४ | | ४ | २४४ |
| ५. | खुट्टेखोला पशु<br>फर्म | १३, ओटाङ्दी | ९८२७४०२३१३<br>टेक बहादुर वि.क. | ३ | पाइप,<br>ड्रम | ३ | २४४ |
| ६. | साबित्री<br>अधिकारी | १३, कटन | ९८२४१८३९४४ | ५ | | ४ | २४४ |
| ७. | सेढाई कृषि तथा<br>पशु फर्म | १३, ओटाङ्दी | ९८४६३७१८९६ | ३ | | ३ | २४४ |
| ८. | टेक बहादुर आले | १४, केशवटार | ९८०५८८०६४५ | ३ | | ३ | २४४ |
| ९. | विपासा कृषि<br>तथा पशुपंक्षी<br>फर्म | १४, कुलुङ | ९८१०१९१३६९<br>कमली आले | ३ | | ३ | २४४ |
| १०. | सानु सुवेदी | १२, देउराली | ९८४६९१११०९ | ६ | | ६ | २४४ |
| ११. | मिलिजुली लघु<br>उद्यमी कृषक<br>समूह | १० डहिकुना | ९८१६१०९७७५<br>सूर्यनाथ अधिकारी | ४१ | | २७.५ | २४४ |

**<u>निर्णय नं.२३:</u>** प्रस्ताव नं.२३ का सम्बन्धमा छलफल हुँदा प्रस्ताव नं.२ माथि छलफल गर्दा मिति २०८१/१/७ गतेको कार्यक्रम कार्यान्वयन समितिको निर्णय बमोजिम तरकारीबाली प्रवर्द्धन कार्यक्रममा छनौट भएका तपसिलको कृषक/फर्महरुलाई निजको आवश्यकता अनुसार ५०% अनुदानमा साना सिचाई कार्यक्रम (सिचाई सामाग्रीहरुः पाइप, ड्रम) सञ्चालनको लागि स्वीकृत प्राविधिकको लागत ईष्टिमेट अनुसार देहाय बमोजिम अनुदान रकम स्वीकृत गरी अनुमोदन गर्ने निर्णय गरियो ।

| क्र.स. | कृषक/फर्म/सहकारी/<br>समूह | ठेगाना<br>वडा नं | सम्पर्क व्यक्ति<br>सम्पर्क नं | सिचांई<br>सामाग्री | अनुदान<br>रु. | खर्च<br>शिर्षक |
|---|---|---|---|---|---|---|
| १. | कृष कृषि तथा पशु<br>फर्म | १० | तारादेवी श्रेष्ठ<br>९८०६६८९२३० | पाइप,<br>ड्रम | २१,६८८ | २४४ |
| २ | व्यास एग्रो फर्म | ४, बिरालीटार<br>व्यास-६, गलेखाम | राजकुमार श्रेष्ठ<br>९८४६३०२४६३ | पाइप,<br>ड्रम | १९,३६८ | २४४ |
| ३ | खुट्टेखोला पशु फर्म | १३, ओटाङ्दी | टेक बहादुर<br>वि.क.<br>९८२७४०२३१३ | पाइप,<br>ड्रम | ४७,०२८ | २४४ |
| ४ | पाटा राना कृषिफर्म | १२, कमलबारी | हुम बहादुर<br>पाटाराना<br>९८१८२१५५३७ | पाइप,<br>ड्रम | ४१,२०३ | २४४ |

**<u>निर्णय नं.२४:</u>** प्रस्ताव नं.२४ का सम्बन्धमा छलफल हुँदा व्यास न.पा. कृषि विकास उपशाखाको आ.व. २०८०/८१ को वार्षिक स्वीकृत मौरी लगायत उद्यमशीलता कार्यक्रम सञ्चालनको लागि आर्थिक विकास

समितिको सिफारिस बमोजिम २०८०/०९/२५ गतेको नगरसभा मार्फत निर्धारित पकेट क्षेत्र मध्ये यस आ.व.मा व्यास-६ स्थित साँजा क्षेत्रमा सो कार्यक्रम अन्तर्गत २५ जना कृषकहरुलाई मौरी पालन सम्बन्धी आधारभूत तालिम, ७५% अनुदानमा गोला सहितको सेरेना मौरी घार तथा खाली घार, मौरी उपकरण (मौरी घार स्टाण्ड, स्मोकर, रानी ढोका, पन्जा, हाइव टुल, मौरी घुम्टो आदी) वितरण गर्ने गरी कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं.२५:** प्रस्ताव नं.२५ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.१ तालघरेबाट वडा नं.४ सिमलटार जाने बाटोमा यस अघि पक्की पुल नहुँदा बुल्दीखोलामा राखिएको कल्भर्ट विपदजन्य कारणले समेत राख्न नहुने देखिएको र हाल मोटरपुल बनिसकेकोले उक्त कल्भर्ट हटाउन अध्ययन गरी जिल्ला विपद समितिसँग समन्वय गर्न घर नक्सा शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.२६:** प्रस्ताव नं.२६ का सम्बन्धमा छलफल हुँदा पृथ्वीराजमार्ग विस्तार गर्ने क्रममा व्यास १ मुसेखोला टोल बस्ने सन्तोष मगर र हरी बहादुर मगरको आमा रत्न कुमारी मगरको नाउँमा रहेको साविक कर्लुङ्ग ६/ख कि.नं.२८५ को क्षेत्रफल १-७-०-० जग्गा रहेको दुई वटा कच्ची घरहरु जोखिममा रहेकाले सम्बन्धित आयोजनालाई सहयोगका लागि अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.२७:** प्रस्ताव नं.२७ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.१३ कटान टोलमा सरसफाई केन्द्रका लागि खरिद गरिने लागेको जग्गामा नकुहिने फोहोरको मात्र सुक्ष्म वर्गीकरण केन्द्र स्थापना गरिने प्रतिवद्धता गरी वडा नं.१३ को कार्यालयलाई जानकारी दिने निर्णय गरियो ।

**निर्णय नं.२८:** प्रस्ताव नं.२८ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.१ विज्ञानचौरमा सञ्चालित आदिकवि भानुभक्त क्याम्पसको मुनाफा नकमाउने सामुदायिक शैक्षिक संस्था भएकाले कानुनतः लाग्ने भूमि कर, सम्पत्ति कर नेपाल सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन, २०८० को दफा १८ को आधारमा पूर्णरुपमा छुट दिने निर्णय गरियो ।

**निर्णय नं.२९:** प्रस्ताव नं.२९ मा सम्बन्धमा छलफल हुँदा निम्न लिखित वडाहरुलाई २०८०/११/१ को कार्यपालिकाको निर्णयानुसार तोकिएका लागत सहभागिताका योजनाहरु सम्बन्धित वडाको सिफारिसका आधारमा संशोधन गर्ने निर्णय गरियो ।

**(१) वडा नं.१२ अन्तर्गत**

- कमलाबारी टोलमा राधाकृष्ण पार्क निर्माण कार्यमा विनियोजित रकम रू.५,००,०००। (पाँच लाख) सो को सट्टामा गोला सामुदायिक भवनमा शौचालय निर्माण लगायतको निर्माण गर्ने गरी संशोधन ।

**(२) वडा नं.१३ अन्तर्गत**

- ठिङ्गरिङ्ग सामुदायिक वनक्षेत्रभित्र जयनेपाल बालउद्यान र जिम सञ्चालनको लागि सार्वजनिक जग्गा संरक्षणका लागि विनियोजित रू.७,००,०००/- (सात लाख) सो को सट्टामा मिलन टोलमा नवमित्रता युवा क्लव स्केटिङ्ग पार्क निर्माण गर्ने गरी संशोधन ।

**(३) वडा नं.६ अन्तर्गत**

- लहरेदेवी बराही मन्दिर निर्माणको लागि शिर्षक नं. ५४९ (५०५) मा रू.२,००,०००। (दुई लाख) सोको सट्टामा कृषि पर्यटन मार्ग स्तरोन्नती गर्ने गरी संशोधन ।

**निर्णय नं.३०:** प्रस्ताव नं.३० का सम्बन्धमा छलफल हुँदा जिल्ला समन्वय समितिको कार्यालय, तनहुँको च.नं. ३०६, मिति २०८०/७/२२ को पत्र र च.नं. ४५७, मिति २०८०/१२/१९ को पत्रानुसारको महिला, शान्ति र सुरक्षा सम्बन्धी संयुक्त राष्ट्रसंघको प्रस्ताव नं. १३२५ र १८२० को कार्यान्वयन सम्बन्धी दोस्रो राष्ट्रिय कार्ययोजना (आ.व.२०७९/०८-२०८१/८२) को दफा १२ को उपदफा १२.५ बमोजिम यस व्यास नगरपालिकाका नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेको संयोजकत्वमा व्यास नगरपालिका स्थित निम्न बमोजिमका विभिन्न कार्यालय, निकाय, संघ/संस्था, सुरक्षा निकाय, सञ्चाल, समुह र द्वन्दबाट प्रभावित (

पीडित) आदि सबैको प्रतिनिधित्व हुने गरी देहाय बमोजिमको सदस्यीय पदाधिकारी रहने गरी व्यास **व्यास नगरपालिका कार्ययोजना कार्यान्वयन स्थानीय समिति** गठन गर्ने निर्णय गरियो । साथै महिला, शान्ति र सुरक्षा सम्बन्धी संयुक्त राष्ट्रसंघ, सुरक्षा परिषद् प्रस्ताव नं.१३२५ र १८२० को कार्यान्वयन सम्बन्धी दोस्रो राष्ट्रिय कार्ययोजना (आ.व. २०७९/८०-२०८१/८२) कार्यान्वयन गर्ने निकायहरु बीच समन्वय गरी कार्यान्वयन गर्ने समेत निर्णय गरियो ।

१. व्यास नगरपालिकाका नगर प्रमुख श्री वैकुण्ठ न्यौपाने – अध्यक्ष
२. व्यास नगरपालिका नगर उपप्रमुख श्री इन्दिरा दरै – सदस्य
३. नगरपालिका सामाजिक विकास समितिका संयोजक श्री काजिमान श्रेष्ठ – सदस्य
४. जिल्ला सरकारी वकिल कार्यालय, तनहुँका न्यायाधिवक्ता (अधिकृतस्तर) – सदस्य
५. जिल्ला प्रहरी कार्यालय, तनहुँका प्र.ना.उ. वा प्रहरी निरीक्षक – सदस्य
६. जिल्ला प्रहरी कार्यालय, तनहुँका महिला, बालबालिका, जेष्ठ नागरिक सेवा केन्द्रका इन्चार्ज– सदस्य
७. व्यास नगरपालिका स्थित द्वन्द प्रभावित (शहिद परिवार) बाट श्री सिता कैनी व्यास ११ – सदस्य
८. व्यास नगरपालिका स्थित द्वन्द प्रभावित (वेपत्ता परिवार) श्री रोहित पन्थ, व्यास १२ – सदस्य
९. जिल्ला प्रशासन कार्यालय, तनहुँका सहायक प्र.जि.अ. वा प्रशासकीय अधिकृत – सदस्य
१०. व्यास नगरपालिका कार्यपालिका सदस्य श्री नरीमाया राना, व्यास १४ – सदस्य
११. व्यास नगरपालिका शिक्षा तथा सामाजिक विकास शाखा प्रमुख वा अधिकृतस्तर कर्मचारी – सदस्य
१२. व्यास नगरपालिका वडा नं.१ स्थित दोभान युवा क्लवका अध्यक्ष श्री नलबहादुर दरै – सदस्य
१३. व्यास नगरपालिका क्षेत्रमा कार्यरत मानव अधिकारसँग सम्बन्धित गैर सरकारी संस्था/सामाजिक संघ/संस्थाका अध्यक्ष वा प्रतिनिधि श्री प्रताप गुरुङ्ग – सदस्य
१४. स्वास्थ्य कार्यालय, तनहुँका प्रमुख वा अधिकृत – सदस्य
१५. व्यास नगरपालिका स्वास्थ्य तथा जनसंख्या शाखा प्रमुख – सदस्य
१६. दमौली अस्पतालका मेडिकल सुपरिटेन्डेन वा मेडिकल अधिकृत – सदस्य
१७. व्यास न.पा. रेडकस सोसाइटी शाखा प्रतिनिधि श्री रमेशचन्द्र हड्खले – सदस्य
१८. व्यास नगरपालिका गरिवी निवारणका लागि लघुउद्यम विकास कार्यक्रमका शाखा प्रमुख – सदस्य
१९. व्यास नगरपालिका महिला सञ्जाल अध्यक्ष श्री कल्पना पौडेल, व्यास ५ – सदस्य
२०. व्यास न.पा. महिला, बालबालिका तथा जेष्ठ नागरिक समाज कल्याण उपशाखा प्रमुख –सदस्य-सचिव

**निर्णय नं.३१:** प्रस्ताव नं.३१ का सम्बन्धमा छलफल हुँदा नगरपालिका वडा नं.१ स्थायी ठेगाना भएका पिताम्बर हड्खलेको छोरा वर्ष ५१ को डम्बरदेव हड्खले समेत जना ५ विपक्ष भएको रिट नं.080-WO-००५ निषेधाज्ञा मुद्दामा व्यास नगरपालिकाको तर्फबाट लिखित जवाफ लेखी श्री तनहुँ जिल्ला अदालतमा दर्ता गर्न र मुद्दाको पूपक्ष गर्नका लागि व्यास नगरपालिकामा कार्यरत प्रशासकीय अधिकृत (सातौं) श्री रामचन्द्र हड्खलेलाई प्रतिनिधि तोक्ने निर्णय गरियो ।

**निर्णय नं.३२:** प्रस्ताव नं.३२ मा सम्बन्धमा छलफल हुँदा देहाय बमोजिमका विपदजन्य एवं अत्यावश्यक प्रकृतिका कार्यक्रमहरुमा देहाय बमोजिम रकम विनियोजन गर्ने निर्णय गरियो । उक्त कार्यकमहरु सञ्चालन गर्दा नियमानुसार सम्बन्धित शाखासँग सम्पर्क गरी सम्झौता गर्ने र कार्य सम्पन्न भए पश्चात् सम्बन्धित वडाबाट कार्यसम्पन्न भएको भनी भुक्तानीको लागि सिफारिस पत्र ल्याउनु पर्ने समेत निर्देशन दिने निर्णय गरियो ।

| सि. नं. | कार्यक्रम तथा योजनाको नाम | वडा नं. | विनियोजित रकम | खर्च शीर्षक |
|---|---|---|---|---|
| १. | समबहादुर विश्वकर्मा आरन मर्मत | १ | २५,०००।- | १२४ |
| २. | भ्याडी राना दरै, मन्दिर निर्माण मर्मत संरक्षण | १ | १,००,०००।- | ८२२ |

| | | | | |
|---|---|---|---|---|
| ३. | भुपिन्द्र राना मगर, उपचार खर्च | ३ | २०,०००।- | ६३ |
| ४. | लियो क्लव, मैत्रीपूर्ण फुटवल आयोजना व्यवस्थापन | ३ | ५०,०००।- | १३१ |
| ५. | गलेखाम जाने सिन्धु मार्ग मर्मत | ६ | १,५०,०००।- | मर्मत संहार |
| ६. | सुकदेव कामी, आरन मर्मत निर्माण | ७ | २५,०००।- | १२४ |
| ७. | छापथोक खानेपानी मोटर खरिद, मोटर जली विपद् | ७ | १,००,०००।- | विपद |
| ८. | तल्लो कटहरे कुलो मर्मत | ९ | २२,०००।- | ८२३ |
| ९. | दन्त शिविर व्यवस्थापन | ९ | ६०,०००।- | १०८ |
| १०. | दमौली मिडिया प्रा.लि. आधारभुत तालिम व्यवस्थापन | १० | १,५०,०००।- | ३९ |
| ११. | नयाँबस्ती नाला व्यवस्थापन घर संरक्षण | १० | १,५०,०००।- | विपद |
| १२. | रङ्गलाल प्रजा, आँखा उपचार | ११ | २०,०००।- | ६३ |
| १३. | कोलढुङ्गा क्रिकेट खेलमैदान भुलभुले (कृषि सडक मार्ग मर्मत) | ११ | ५०,०००।- | मर्मत कोष |
| १४. | ओम भैंसी फर्म गोठ सुधार | ११ | ५०,०००।- | ८१६ |
| १५. | कृष्ण बहादुर सुनार, विपदजन्य घर निर्माण सहयोग | ११ | ६०,०००।- | विपद |
| १६. | यम बहादुर दुरा, बर्षाद्बाट घर भत्किएको विपद | ११ | ६०,०००।- | विपद |
| १७. | दिपेन्द्र बहादुर पण्डित, शौचालय आगलागी राहत | १२ | २०,०००।- | विपद |
| १८. | मान बहादुर थापा (बहुदल) विपद सहयोग | १४ | ६०,०००।- | विपद |
| १९. | हरिचन्द्र लौडारी, भैंसी मरी विपद परेका राहत | १४ | २५,०००।- | विपद |
| २०. | सभाहलमा माइक जडान व्यवस्थापन | | ४,००,०००।- | ६६ |
| २१. | JCI दर्पण प्रकाशन, विज्ञापन भुक्तानी | | १०,०००।- | ३९ |
| | जम्मा :- | | १६,०७,०००।- | |